जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०५३ | २०८२ साल असोज २१ गते मंगलवार | Tuesday-07-October-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## जनसमुदायकै पहलमा वृन्दावन-२ र ३ को संयुक्त नाला सरसफाई

***रुपेश यादव***
***रौतहट, २० असोज***

वृन्दावन नगरपालिका वडा नम्बर -२ र ३ को सीमामा रहेको संयुक्त नालाको सरसफाइ र व्यवस्थापन कार्य स्थानीय जनसमुदायले आफ्नै पहलमा सुरू गरेका छन् ।

नगरपालिका र सम्बन्धित वडाबाट वर्षौंदेखि ध्यान नपाएको गुनासो गर्दै जनसमुदायले आपसी सहयोगमा नाला सफाई अभियान थालेका हुन् । नाला निर्माण भएको समयदेखि अहिलेसम्म नगरपालिका वडाबाट नियमित सरसफाइ र व्यवस्थापन नहुँदा दुर्गन्ध, फोहोर र पानी जम्ने समस्या बढ्दै गएको स्थानीयहरूले बताएका छन् ।



वडा नम्बर २ र ३ का बासिन्दाहरूले भने, "हामीले पटक-पटक गुनासो गर्दा पनि कुनै निकायले ध्यान दिएन, अन्ततः हामीले आफैं जुटेर सफा गर्नुपर्‍यो ।"

यो अभियानलाई स्थानीयले जनसहभागिताको उत्कृष्ट उदाहरणका रूपमा लिएका छन् ।

सफाइ अभियान वृन्दावन नव युवा समाजको विशेष पहलमा सञ्चालन गरिएको हो । सो अभियानमा चार जना जयाला मजदुर खटाइएकाले नाला सफाइ कार्य सफलतापूर्वक सम्पन्न भएको स्थानीय तथा सञ्चारकर्मी समेत रहेका सोहन कुमार बैठाले जनाइएको छ ।

स्थानीयवासीहरूले नगरपालिका र वडालाई आगामी दिनमा नियमित सरसफाइ तथा ढल व्यवस्थापनमा निरन्तर ध्यान दिन आग्रह गरेका छन् ।

## रौतहटको भंगालोमा नुहाउने क्रममा दुई बालिका बेपत्ताह्य खोजीकार्य तीव्र

***शु. आ. संवाददाता***
***रौतहट, २० असोज***

जिल्लाको देवाही गोनाही नगरपालिका वडा नम्बर ६ कर्कच टोल नजिकै खेतको पानी बग्ने भंगालोमा नुहाउने क्रममा दुई बालिका बेपत्ता भएका छीन् । दिउँसो भएको यस दुःखद घटनापछि स्थानीयवासी, नेपाल प्रहरी र सशस्त्र प्रहरीले तत्कालै खोजीकार्य सुरु गरेका छन् ।

बेपत्ता हुनेहरूमा सोही टोलका रामदयाल रामकी १२ वर्षीया छोरी आरती कुमारी र शिवधारी रामकी ११ वर्षीया छोरी अन्तिमा कुमारी रहेकी छीन् । स्थानीय स्रोतका अनुसार उनीहरू भंगालोमा नुहाइरहेका बेला अचानक पानीको तीव्र बहावमा बगेर बेपत्ता भएका हुन् ।



***खोजी कार्य जारी, अवस्था अज्ञात***

घटनालगत्तै स्थानीयवासीको सहयोगमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीले खोजी कार्य सुरु गरेको थियो । यद्यपि, यो समाचार तयार पार्दासम्म उनीहरूको अवस्थाबारे पत्ता लाग्न सकेको छैनन् । जिल्ला प्रहरी कार्यालय रौतहटले दिएको जानकारीअनुसार बेपत्ता बालिकाहरूको खोजी कार्यलाई थप तीव्र पारिएको हो । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले प्रहरी, स्थानीयवासी र गोताखोर टोलीको समन्वयमा खोजी कार्य जारी रहेको बताए ।

***अभिभावकलाई विशेष आग्रह***

रुयस घटनालाई दृष्टिगत गर्दै डिएसपी कार्कीले आम अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूलाई खोलानाला, नदी तथा बाढी-पानीको नजिक खेलकुद वा नुहाउन न पठाउनका लागि विशेष आग्रह गरेका छन् । वर्षायाममा जलस्रोतको बहाव अप्रत्याशित रूपमा बढ्न सक्ने हुँदा यस्तो आग्रह गरिएको उनले प्रस्ट पारेका छन् ।

बेपत्ता बालिकाहरूको खोजीका लागि सुरक्षाकर्मी र स्थानीयको प्रयास जारी रहेको र थप विवरण आउनासाथ सार्वजनिक गरिने जिल्ला प्रहरी कार्यालयले जनाए ।

## फागुन २१ गते प्रतिनिधि सभा निर्वाचनका लागि कार्यतालिका सार्वजनिक

***काठमाडौँ, २० असोज***

निर्वाचन आयोग, नेपालले आगामी २०८२ साल फागुन २१ गते (मार्च ५, २०२६) सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि विस्तृत निर्वाचन कार्यतालिका स्वीकृत गरेको छ । आयोगले मिति २०८२ असोज २० गते जारी गरेको प्रेस विज्ञप्तिमा राजनीतिक दल दर्तादेखि मतगणनासम्मका सबै चरणहरूलाई समयबद्ध रूपमा अघि बढाउने तयारी रहेको जनाएको छ ।




आयोगद्वारा स्वीकृत तालिका अनुसार मंसिर १ देखि १० गतेसम्म राजनीतिक दल दर्ता गरिनेछ । आयोगमा दर्ता कायम रहेका दलहरूले मात्र निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न पाउने कानूनी व्यवस्था रहेकोले निर्वाचनमा सहभागी हुन चाहने दलहरूले मिति २०८२ मंसिर १ अघि दर्ता प्रमाणपत्र लिनुपर्ने उल्लेख गरिएको छ ।

त्यस्तै, पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष प्रणाली) अन्तर्गतका कार्यहरूका लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ । सो प्रणालीका उम्मेदवारका लागि उम्मेदवारी दर्ता, प्रमाणीकरण र सूची प्रकाशनका कार्यहरू क्रमशः सञ्चालन गरिने छन् ।

समानुपातिक निर्वाचन प्रणालीका लागि भने मंसिर १५ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने र पौष १८ र १९ गते बन्दसूची पेश गर्ने कार्यक्रम तय गरिएको छ । राजनीतिक दलहरूले कानूनी प्रावधानअनुसार आफ्नो बन्दसूची आयोगमा पेश गर्नुपर्नेछ ।

फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसार अवधि रहनेछ । यस अवधिमा उम्मेदवार र दलहरूले आचारसंहिता पालना गर्दै प्रचार अभियान सञ्चालन गर्न पाउने छन् । फागुन १८ पछि प्रचार निषेध अवधि लागू हुनेछ ।

निर्वाचनको मुख्य दिन फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान हुनेछ । मतदान सम्पन्न भएपछि दुवै निर्वाचन प्रणालीका मतपेटिका संकलन गरी मतगणना तुरुन्त सुरु गरिनेछ ।

आयोगका सहसचिव तथा प्रवक्ता नारायण प्रसाद भट्टराईका अनुसार आयोगले स्वीकृत कार्यतालिकाअनुसार राजनीतिक दल, सुरक्षासंस्था र सरोकारवालासँग निरन्तर परामर्श र समन्वय गर्नेछ । उनले पारदर्शिता, निष्पक्षता र कानूनी प्रक्रिया सुनिश्चित गर्दै निर्वाचन तयारीलाई अन्तिम चरणसम्म लैजाने आयोगको तयारी रहेको बताए ।

निर्वाचन आयोगले यस पटकको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र व्यवस्थित बनाउनका लागि मतदाता शिक्षा, प्रविधिको प्रयोग र आचारसंहिता कार्यान्वयनमा विशेष जोड दिने जनाएको छ ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**

**सम्पर्क नम्बर : ९८४५२२६३०५**

## "आफ्नो समाज आफैं सफा राखौं" अभियानः परोहा-८ नरकटियामा युवाहरुको उदाहरणीय पहल

***मेवालाल यादव***
***रौतहट, २० असोज***

"आफ्नो समाज आफैं सफा राखौं" भन्ने सन्देशलाई आत्मसात गर्दै परोहा नगरपालिका-८ नरकटिया गाउँका स्थानीय युवाहरू, न्भलश पुस्ता, बुद्धिजीवी तथा जिम्मेवार नागरिकहरू मिलेर आज गाउँ र बजार क्षेत्रमा सरसफाइ अभियान सञ्चालन गरेका छन् ।

सामुदायिक एकता र स्वच्छ वातावरणको सन्देशसहित सञ्चालन गरिएको यो अभियानअन्तर्गत बजार क्षेत्रका सडक, चोक र सार्वजनिक स्थलहरूमा श्रमदानमार्फत फोहोर संकलन र सरसफाइ कार्य गरिएको हो ।



स्थानीयहरूका अनुसार यो अभियान नियमित रूपमा सञ्चालन गर्ने योजना रहेको छ, जसले गाउँलाई सफा र व्यवस्थित बनाउन सहयोग पुर्‍याउनेछ । यसै अवसरमा प्रतिनिधि सभा सदस्यका उम्मेदवार सागर राज गुप्ताले सरसफाइ अभियानमा सहभागी हुँदै भने –

"छिट्टै बजार व्यवस्थापन समिति गठन गरी नरकटियालाई नमूना बजारको रूपमा विकास गर्ने हाम्रो योजना रहेको छ ।" स्थानीय बासिन्दाहरूले यस्तो अभियानले गाउँमा सामूहिक जिम्मेवारी र चेतनाको स्तर वृद्धि गर्ने विश्वास व्यक्त गरेका छन् ।

**जनहितमा जारी सन्देश**

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

बौधिमाई नगरपालिका
सरमुजवा, रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# मनसुनले निम्त्याएको विपद्

देशको मुख्य पर्व दसैंको बेला देशैभरि भारी वर्षा हुँदा जनजीवन कष्टकर भयो । शुक्रबारदेखि देशभर परेको पानीकै कारण पहिरोमा पुरिएर, बाढीले बगाएर आइतबारसम्म कम्तीमा पनि ५२ जनाको ज्यान गयो । सबैभन्दा धेरै परेमध्ये इलाममा मात्रै ३७ जनाको ज्यान गएको छ । देशभरका राजमार्गहरु बन्द भए ।

दसौं करोड खर्चेर बनाइएका बीपी राजमार्गका डाइभर्सन फेरि बगे । देशका मुख्य राजमार्गहरुमा पहिरोको जोखिम बढेपछि सरकारले आवागमन नै रोक्नुपर्‍यो । आइतबार र सोमबार सार्वजनिक बिदासमेत दियो । राजमार्गमा आवागमन रोक्नु र बिदा दिनु जोखिमबाट बचाउने एउटा उपाय हो । यसअघि मात्रै काठमाडौं भित्रिने धादिङको झ्याप्ले खोलामा ३ वटा यात्रुबहाक बस पहिरोमा पुरिंदा ३० जनाभन्दा बढीले ज्यान गुमाएका थिए । राजमार्गहरुमा गाडी नरोकिएका भए यसपाली त्यस बेलाको भन्दा बढी क्षति हुन सक्थ्यो । समयमै सतर्कता अपनाउँदा केही न केही जोखिम कम भएको छ । यसका लागि सरकार र मौसम विभाग धन्यवादका पात्र छन् । विभागले यसपाली जुन ढंगले मौसमको पूर्वानुमान गरेर बेलामा सूचना दियो, त्यसबाट धेरै धनजनको क्षति हुन रोकिएको पक्कै हो । जबकि, जति क्षति र नोक्सानी भएको छ, त्यो पनि दुः खद् भने हुँदै हो । मनसुनी प्रणाली अब नेपालबाट बाहिरिएको छ । यसको मतलब अब भने पानी पर्दैन भन्ने हो । भत्किएका सडक भने छँदैछन्, तिनमा गरिने यात्रा भने अझै कष्टकर नै हुनेछ । सरकारले जोखिम कम गराउँदै सवारीसाधनको आवागमनलाई खुला गरेको छ ।

तर, अझै सकर्त हुन भने पर्छ नै । पानी परेपछि पनि जब घाम लाग्छ, तब पहिरो जाने गर्छ । त्यसैले पानी नपर्दैमा जोखिम हुँदैन भन्न सकिन्न । पहिरो जहाँ पनि जान सक्छ । यसपालीको भारी वर्षाले पनि उसैगरी धेरै पाठ पढाएरै गएको छ । जतातते बाटोघाटो बनाउने गर्दा पहाडका भित्ताहरु खसेका छन्, तिनैले पहिरो चलाएर मृत्यु निम्त्याए ।

काठमाडौं उपत्यकामा जुन डुबान भयो, त्यो अव्यवस्थित बसोबासको परिणाम हो । काठमाडौंको अव्यवस्थित सहरीकरणले परम्परागत पानी व्यवस्थापन प्रणालीलाई पूर्णरुपमा ध्वस्त पारेको छ । कुलो, पोखरी र खोल्साहरुलाई हामीले सडक र घरमा परिणत गरेका छौं । जग्गा प्लटिङ गर्दा दुई–तीन फिटको ह्युम पाइप राखेर पानीको समस्या समाधान हुन्छ भन्ने भ्रम पालेका छौं । व्यापक सिमेन्टको प्रयोगले जमिनले पानी सोस्ने प्रक्रिया घटेको छ ।

अव्यवस्थित बसोबास, जथाभावी तयार पारिएका संरचना र पानी बग्ने ठाउँको अवरोध जस्ता कारणले डुबान भएको हो । हामीले पानी बग्ने नदी मिचेर नालामा परिणत गरेका छौं । र, कतिपय ठाउँमा त्यही नाला पनि मिचेका छौं । पानीले आफ्नो बाटो खोज्छ, जब निकास पाउँदैन अनि ठेलिन्छ र डुबान हुन्छ । यत्ति बुझेर सहरलाई व्यवस्थित बनाउन लागेनौं भने भोलिका दिनमा झन् ठूलो जोखिम पक्कै बेहोर्नुपर्ने हुन्छ ।

# ग्यारेन्टी अब शिक्षा–स्वास्थ्यको



**राजेश विद्रोही**

शिक्षा, स्वास्थ्यसँगै रोजगारीको पनि ग्यारेन्टी गर्नुपर्छ तर यो व्यापारीले होइन, राज्यले गर्नुपर्छ ।

नेपालजस्तो सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक चेतना अझ सबल हुन नसकेको देशमा शिक्षा र स्वास्थ्यजस्ता नागरिकका आधारभूत अधिकारलाई नाफा कमाउने वस्तु बनाउनु आफैंमा लज्जास्पद र दुः खद छ । ज्ञान, चेतना र मानवीय मूल्यको आधार प्रदान गर्ने शिक्षा र जीवनरक्षाको मूल आधार भएको स्वास्थ्य राज्यको प्रमुख जिम्मेवारी हो । तर, विडम्बना ! यी क्षेत्रलाई समान पहुँचसहितको सेवा बनाउनुको सट्टा सीमित र सम्भ्रान्त वर्गको हातमा थुपारेर नाफा कमाउने केन्द्रमा परिणत गरिएको छ । आज नागरिकलाई शिक्षाबाट लुटिएको धन बराबरको ज्ञान वा रोजगारी पाउने अवस्था छैन । स्वास्थ्यमा त अझ भयावह त्रासदी छ- धन सकिएर मानिसको उपचार रोकिँदा बाँच्न नसक्ने अवस्था सर्वसाधारणले भोगिरहेका छन् ।

यही पृष्ठभूमिमा दसैंअघि राजधानीमा भएको युलेन्स स्कुललगायत निजी शैक्षिक संस्थामा जेन-जी आन्दोलनका क्रममा भएको आगजनी केवल एउटा भवन जलाउने आक्रमण मात्र होइन, सम्पूर्ण शैक्षिक मूल्य, सभ्यता र नैतिकतामाथिको गहिरो प्रहार हो । नेपालमा विद्यालयदेखि विश्वविद्यालयसम्मलाई शिक्षाको मन्दिरका रूपमा हेर्ने परम्परा छ । संविधानले शैक्षिक संस्थालाई शान्तिक्षेत्र मान्ने व्यवस्था पनि यही विश्वासको निरन्तरता हो । तर, युलेन्समा भएको आगजनीले यो गहिरो विश्वासलाई हल्लाएको छ । कुनै पनि शैक्षिक संस्थामाथि आक्रमण गर्नु, चाहे निजी होस् वा सामुदायिक, केवल भौतिक सम्पत्ति नष्ट गर्ने मामुली घटना होइन, यो आतंक सिर्जना गर्ने, मानव सभ्यतालाई चुनौती दिने जघन्य अपराध हो ।

असन्तोष प्रकट गर्न लोकतान्त्रिक समाजमा अनगिन्ती शान्तिपूर्ण बाटा छन् । तर, विद्यालय जलाउने जस्तो अमानवीय बाटो रोज्नु कुनै पनि सभ्य समाजमा स्वीकार्य हुनै सक्दैन । यो केवल भवनको क्षति मात्र होइन, लोकतान्त्रिक संस्कृति र मानव मूल्यको अपमान हो । आफूलाई सचेत र शिक्षित दाबी गर्ने हरेक नागरिकका लागि यस्तो घटना लज्जाको विषय हुनु स्वाभाविक छ । युलेन्स स्कुल काण्डपछि सामाजिक सञ्जाल र सार्वजनिक बहसमा विद्यालयको स्वामित्व, लगानी, राजनीतिक सम्बन्धलगायत प्रश्नहरू सतहमा आए । यो विद्यालय कसले खोल्यो, कसको लगानी छ, परराष्ट्रमन्त्री आरजु देउवासँगको सम्बन्ध के हो जस्ता जिज्ञासा उठ्नु अस्वाभाविक थिएनन् । देशभर करिब ५० हजार शैक्षिक संस्था रहेको अवस्थामा कुनै पनि निजी वा गैरनाफामूलक विद्यालयको आन्तरिक व्यवस्थापन, आर्थिक स्रोत वा व्यक्तिगत विवरणबारे सर्वसाधारणले अनिवार्य रूपमा जानकारी पाउनुपर्छ भन्ने सोच सबैमा जायज नहुन सक्छ । तर, यहाँ अर्को गम्भीर कोण छ- युलेन्सको व्यवस्थापन समितिको अध्यक्ष स्वयं देशकै बहालवाला परराष्ट्रमन्त्री रहेको तथ्य । जब संसद्देखि सडकसम्म मन्त्रीको नामसहित प्रश्न उठ्छ र स्पष्ट जवाफ आउँदैन, उत्तरको अपेक्षा गर्नु अस्वाभाविक हुँदैन । विद्यालय गैरनाफामूलक भनिए पनि त्यहाँको पढाइ खर्च सर्वसाधारणको पहुँचबाहिर छ ।

यस्तो अवस्थामा सत्तामा बसेको व्यक्ति, चाहे मन्त्री होस् वा सांसद, कुनै निजी शैक्षिक संस्थाको प्रत्यक्ष नेतृत्वमा हुनु नैतिक दृष्टिले गम्भीर प्रश्न हो ।

शिक्षाजस्तो संवेदनशील क्षेत्रमा राजनीतिक व्यक्तिको सिधा संलग्नता पारदर्शिता कमजोर बनाउने, नीतिगत निर्णयलाई प्रभावित पार्ने र समान अवसरको सिद्धान्तलाई क्षति पुर्‍याउने खतरा हुन्छ । युलेन्सको सन्दर्भमा पनि यही समस्या देखिन्छ । परराष्ट्र मन्त्रीको जिम्मेवारी सम्हालेकी व्यक्ति आफैं शिक्षा नीतिको समान कार्यान्वयनको जिम्मेवार हुँदा आफ्नै नाममा चल्ने विद्यालयको नेतृत्वमा बसिरहनु हितकर देखिँदैन । यसले अतिरिक्त सुविधा, राजनीतिक पहुँच र नीतिगत सहजताजस्ता लाभको आशंका बलियो पार्छ । राजनीति र शिक्षा आ-आफ्नै क्षेत्रमा सीमित हुनुपर्छ । दुवैको मिलनले पारदर्शिता कमजोर बनाउँछ र अविश्वासको वातावरण सिर्जना गर्छ ।

राज्यले न्यूनतम रोजगारीको अवसर, निः शुल्क र गुणस्तरीय आधारभूत शिक्षा, सबैका लागि स्वास्थ्यसेवा सुनिश्चित गर्नुपर्छ । जबसम्म यी सेवा नागरिकको पहुँचमा आउँदैनन्, तबसम्म असमानता, असन्तोष र हिंसाका घटना दोहोरिरहन्छन् ।

यस्तो सन्दर्भमा आविष्कार केन्द्रका संस्थापक महावीर पुनको उदाहरण स्मरणीय छ । मन्त्री नियुक्त भएको दिनमै उनले आफ्नो संस्थाको प्रत्यक्ष जिम्मेवारी छोडेको घोषणा गरे । पदमा रहँदा निष्पक्षता र नैतिकता जोगाउन यही उपयुक्त बाटो हो । कतिपयले त्रिभुवन विश्वविद्यालयको कुलपति स्वयं प्रधानमन्त्री हुने प्रचलन छ, त्यसलाई त जलाइएन भन्ने तर्क गर्छन् । तर, त्यो प्रथा पनि शिक्षा सुधारको दृष्टिले सही छैन । बरु लामो समयदेखि उठ्दै आएको विश्वविद्यालयको नेतृत्वलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गराउनुपर्ने माग अझ बलियो पारिनु जरुरी छ । विश्वविद्यालयको नेतृत्व शैक्षिक योग्यता, अनुसन्धान र शैक्षिक दृष्टिकोणका आधारमा चयन गर्नुपर्ने आवश्यकता यस घटनाले फेरि स्मरण गराएको छ ।

युलेन्समा भएको आगजनीले देखाएको मुख्य पाठ भनेको केवल अपराधीलाई कारबाही गरेर समस्या समाधान हुँदैन भन्ने हो । राज्यको संरचनागत सुधार र दीर्घकालीन नीतिगत व्यवस्थाको आवश्यकता यहाँ स्पष्ट देखिन्छ । पहिलो, बहालवाला जनप्रतिनिधि, मन्त्री, सांसद वा कुनै सरकारी लाभको पदमा रहेका जो कोहीलाई पनि कुनै शैक्षिक संस्थाको व्यवस्थापन समितिमा रहने अधिकार नदिनु अपरिहार्य छ । यसले समान उत्तरदायित्वको सिद्धान्तलाई बल पुर्‍याउँछ । दोस्रो त्रिभुवन विश्वविद्यालयलगायत उच्च शैक्षिक संस्थाको नेतृत्वमा राजनीतिक व्यक्तिको प्रवेश पूर्णरूपमा निषेध गर्नुपर्छ । शिक्षा नीतिमा पारदर्शिता र निष्पक्षता ल्याउन यो आधारभूत कदम हो । तेस्रो विद्यालयका अभिभावक र समुदायलाई थप सचेत र सक्रिय हुनुपर्छ । आफ्नो बालबालिकाले अध्ययन गर्ने संस्थाको नीतिगत पक्ष, आर्थिक पारदर्शिता र व्यवस्थापनबारे जानकारी राख्नुपर्छ । अफवाह र भ्रमको खेती गर्ने खबरको सत्यता बुझ्न समुदायले एकजुट हुनुपर्छ । चौथो, असन्तुष्टि प्रकट गर्ने अधिकार सबैलाई भए पनि त्यसको स्वरूप अहिंसात्मक हुनैपर्छ । आगजनी र हिंसाले लोकतान्त्रिक मूल्यलाई अपमानित गर्छ । समाधान होइन, झन् समस्या गहिरो बनाउँछ ।

युलेन्स आगजनी केवल एउटा निजी विद्यालयमाथिको आक्रमण होइन, यो देशको शिक्षा, राजनीति र समाजको अन्तर्सम्बन्धको कुरुप चित्र हो । यसले देखाएको छ- जब राजनीति शिक्षामा मिसिन्छ, पारदर्शिता कमजोर हुन्छ । अविश्वास बढ्छ र अन्ततः हिंसाको वातावरण सिर्जना हुन्छ । अब राज्य, समुदाय, अभिभावक र हरेक नागरिकले आफ्नो भूमिका स्पष्ट पार्दै राजनीतिक हस्तक्षेपविहीन शैक्षिक नीति र सार्वजनिक जवाफदेहिताको आधारमा अघि बढ्न जरुरी छ ।

शिक्षा कुनै व्यक्तिगत लाभको साधन होइन, यो नैतिकता, पारदर्शिता र समान अवसरको मेरुदण्ड हो । यसलाई जोगाउनु केवल विद्यालयको सुरक्षा मात्र होइन, सम्पूर्ण मानव सभ्यताको रक्षा हो । त्यसैले शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी व्यापारीले होइन, राज्यले लिनुपर्छ । राज्यले न्यूनतम रोजगारीको अवसर, निः शुल्क र गुणस्तरीय आधारभूत शिक्षा, सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्नुपर्छ । जबसम्म यी सेवा नागरिकको पहुँचमा आउँदैनन्, तबसम्म असमानता, असन्तोष र हिंसाका घटना दोहोरिरहन्छन् ।

जेन-जी पुस्ताले उठाएको विद्रोहको मूल स्वर पनि यही हो– निजीकरण र व्यापारीकरणको जरो उखेलेर राज्यलाई उत्तरदायी बनाउने । शिक्षा, स्वास्थ्य र रोजगारी राज्यको ग्यारेन्टी हो भन्ने बोध केवल नीति होइन, लोकतान्त्रिक समाजको मेरुदण्ड हो । यही बोधले मात्र यस्ता घटनाको पुनरावृत्ति रोक्न सक्छ र शिक्षा पुनः जनताको साझा सम्पत्ति बन्न सक्छ ।






॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# अस्ट्रेलिया-पपुवा न्युगिनीबीच ऐतिहासिक रक्षा सन्धि, चीन असन्तुष्ट

***मेलबर्न-*** अस्ट्रेलिया र पपुवा न्युगिनीका नेताहरूले सोमबार ऐतिहासिक रक्षा सन्धिमा हस्ताक्षर गरेका छन् । उक्त सन्धिलाई चीनले आफूलाई लक्षित गरिएको सम्झौता भन्दै असन्तोष व्यक्त गरेको छ ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज र पपुवा न्युगिनीका प्रधानमन्त्री जेम्स मारापेले यो सम्झौतालाई आपसी रक्षा सन्धि को रूपमा वर्णन गरेका छन्, जसले दुवै मुलुकका रक्षा बल र सैन्य कर्मचारीबीच अभूतपूर्व सहयोग र एकीकरण सुनिश्चित गर्नेछ ।



सन् १९५१ मा संयुक्त राज्य अमेरिका र न्युजिल्यान्डसँग गरिएको एन्जस सन्धिपछि अस्ट्रेलियाको यो दोस्रो गठबन्धन-स्तरको सुरक्षा सम्झौता हो । पपुवा न्युगिनीका लागि भने यो पहिलो यस्तो सन्धि हो। दुवै देशका संसद्हरूले अनुमोदन गरेपछि यो सन्धि कार्यान्वयनमा आउनेछ।

प्रधानमन्त्री अल्बानिजका अनुसार अस्ट्रेलियाको सबैभन्दा नजिकको छिमेकी राष्ट्र अब उसको प्रमुख सुरक्षा साझेदार बन्नु गर्वको विषय हो ।

'यो सन्धिमा एन्जस सन्धिको जस्तै आपसी रक्षा दायित्व समावेश छ । हाम्रा कुनै पनि देशमा सशस्त्र आक्रमण भएमा दुवै पक्षले साझा खतरा सामना गर्न एकजुट भएर कार्य गर्नेछौँ', उनले अस्ट्रेलियाको संसद् भवनमा आयोजित संयुक्त पत्रकार सम्मेलनमा भने।

'हाम्रा दुवै राष्ट्रले यस्तो कुनै गतिविधि नगर्ने र यस सन्धिको कार्यान्वयनमा सम्झौता गर्ने कुनै पनि सम्झौतामा प्रवेश नगर्ने सहमति गरेका छन् ।'

गत महिना सन्धिको मुख्य सिद्धान्तमा हस्ताक्षर गरेपछि पपुवा न्युगिनीस्थित चिनियाँ दूतावासले विज्ञप्ति जारी गर्दै यस्तो सम्झौता अनन्य प्रकृतिको हुनु हुँदैन र यसले तेस्रो पक्षसँगको सहयोगमा बाधा नपार्नुपर्ने जनाएको थियो ।

"यसले कुनै पनि तेस्रो पक्षलाई लक्षित गर्न वा यसको वैध अधिकार र चासोलाई कम आँक्न हुँदैन", दूतावासले सामाजिक सञ्जालमार्फत जनाएको थियो ।

प्रधानमन्त्री मारापेले भने, 'यो सन्धिले पपुवा न्युगिनीको विदेश नीति सबैसँग मित्रता, कसैसँग शत्रुता होइन भन्ने सिद्धान्तलाई तोडेको छैन । यो शत्रु सिर्जना गर्ने सम्झौता होइन, बरु मित्रता र पारदर्शिताको प्रतीक हो । हामीले चीनलाई स्पष्ट रूपमा बताएका छौँ कि अस्ट्रेलिया हाम्रो छनोटको सुरक्षा साझेदार हो र उहाँहरूले त्यसलाई बुझ्नुभएको छ ।'

मारापेले भने, 'यो सन्धिले अस्ट्रेलियासँग हाम्रो सुरक्षा साझेदारी सुदृढ गरेको हो, तर अन्यत्र शत्रु सिर्जना गर्ने कुनै अभिप्राय छैन ।'

हालका वर्षहरूमा अस्ट्रेलिया र संयुक्त राज्य अमेरिकाले पपुवा न्युगिनीसँग सैन्य सहयोग विस्तार गरेका छन्, जसलाई प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभाव रोक्ने रणनीतिक प्रयासका रूपमा हेरिन्छ ।

पपुवा न्युगिनीका लागि यो सन्तुलनको विषय बनेको छ, किनभने देशले चीनसँग आर्थिक साझेदारी पनि खोज्दै आएको छ । सन् २०२२ मा चीनले सोलोमन टापुहरूसँग सुरक्षा सम्झौता गरेपछि अस्ट्रेलियाले यस क्षेत्रका टापु राष्ट्रहरूसँग सम्बन्ध सुदृढ गर्न सक्रिय पहल गर्दै आएको छ ।

दक्षिण प्रशान्त क्षेत्रमा अस्ट्रेलिया र न्युजिल्यान्ड बाहेक पपुवा न्युगिनी, फिजी र टोङ्गा मात्र आफ्नै सेना भएका राष्ट्र हुन् । अस्ट्रेलियाले हाल फिजीसँग पनि द्विपक्षीय रक्षा सम्झौताका लागि वार्ता अगाडि बढाइरहेको छ ।

सन् २०१९ देखि चीनको प्रभाव बढेसँगै प्रशान्तका तीन टापु राष्ट्रहरूले ताइवानबाट आफ्नो कूटनीतिक मान्यता बेइजिङतर्फ सारिसकेका छन् । अमेरिकासहितका सहयोगी मुलुकहरू फिजी, किरिबाटी, सामोआ, सोलोमन टापुहरू र भानुआटुमा प्रहरी प्रशिक्षणमार्फत चीनको सुरक्षा प्रभाव बढ्दो हुँदा चिन्तित छन् ।


## जनचेतनामुलक सन्देश

सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।
आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौं ।
अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि र अनुमति लिऔं ।
अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ ।
सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ ।
सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक कियाकलाप नियन्त्रण गरौं ।

परवानीपुर गाउँपालिका
परवानीपुर, बारा









## परोहा नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

परोहा नगरपालिकाको कार्यालय, लौकाहा, रौतहट



## मौलापुर नगरपालिकाद्वारा जनहितमा जारी सन्देश



- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।



मौलापुर नगरपालिकाको कार्यालय, मौलापुर, रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# जेनजी अगुवाले चलाए 'एरेस्ट केपी ओली' अभियान

*काठमाडौं, २० असोज*



सामाजिक सञ्जालमा 'एरेस्ट केपी ओली' अभियान सक्रिय भएको छ। जेनजी आन्दोलनका अगुवाहरूले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलाई पक्राउ गर्न दबाब दिने अभियान सञ्चालन गरेका छन्।

जेनजी आन्दोलनमा गत भदौ २३ गते राज्यद्वारा दमन हुँदा धेरै युवा हातहतियार भएका थिए। यस घटनाप्रति ध्यानाकर्षण गर्दै जेनजी अगुवाहरूले तत्कालीन सरकारका प्रतिनिधिलाई कारबाहीको दायरामा ल्याउन माग गरेका छन्।

जेनजी अगुवा रक्षा बमले लेखेकी छन्, "अधिकार माग्न गएका निहत्था विद्यार्थीहरूमाथि जुन दम्भ र अहंकारले गोली दागियो, त्यसको हिसाब हुनुपर्छ। मधेश विद्रोहको समयमा दुई-चार दाना कुहिएका आँप झरेको मात्र भन्ने अभिव्यक्ति दिने, जेनजी आन्दोलनमा निहत्था विद्यार्थीमाथि गोली दाग्ने आदेश दिने व्यक्ति आज पनि चुट्किला सुनाउँदै बसिरहेको छ। हत्यारालाई कारबाहीको दायरामा ल्याइयोस्।"

त्यस्तै, जेनजी अगुवा युजन राजभण्डारीले रक्षा बमको पोस्ट सेयर गर्दै सामाजिक सञ्जालमा लेखेका छन्, "हरेक गोलीको हिसाब हुनेछ। एरेस्ट केपी ओली।"

अन्य जेनजी अभियन्ता र सर्वसाधारणले पनि यो ट्रेन्ड पछ्याउँदै आएका छन्। कतिपयले तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पनि पक्राउ गर्नुपर्ने माग सामाजिक सञ्जालमा राखेका छन्।

जेनजी आन्दोलनको पहिलो दिन राज्यले बर्बरतापूर्वक विद्यार्थीहरूको हत्या गरेको भन्दै उनीहरूले घटनाको छानबिन गर्न र जिम्मेवारलाई कारबाहीको दायरामा ल्याउन दबाब दिएका छन्।

# 'बाबू साहेब' द्वारा रौतहटका बाढी पीडित क्षेत्रहरुको स्थलगत निरीक्षण

*मेवालाल यादव*
*रौतहट, २० असोज*



अविरल वर्षा र बाढीका कारण प्रभावित रौतहटका विभिन्न बस्तीहरूको जनमत पार्टीका प्रदेश सभा सदस्यका प्रत्याशी मोहम्मद आलम उर्फ बाबू साहेबले स्थलगत निरीक्षण गरेका छन्।

बाबू साहेबले विशेष रूपमा दमार, बलुवा, बनजरहवा, औरैया, डुमरिया, राजपुर, अकोलवा लगायतका बाढीपीडित गाउँहरूमा पुगेर स्थानीयवासीहरूको अवस्था बुझेका हुन्। ती सबै क्षेत्र अहिले पूर्ण रूपमा डुबानमा परेका छन्, जसले किसानका बाली, घर, नाली र बस्तीहरूमा व्यापक क्षति पुऱ्याएको छ।

उनका अनुसार, हालको बाढी र पहिरोले जनजीवन अस्तव्यस्त भएको छ भने लालबकैया खोलाको बाँध भत्किँदा बाढीको पानी तीव्र गतिमा बस्तीहरूमा पसेर ठूलो क्षति पुऱ्याएको छ। स्थानीयहरूसँगको भेटमा बाबू साहेबले भने,

"यो अत्यन्तै दुःखद र पीडादायक अवस्था हो। यस कठिन घडीमा म सम्पूर्ण प्रभावित परिवारप्रति हार्दिक सहानुभूति व्यक्त गर्दछु।"

उनीले सरकारसँग तत्काल राहत वितरणको व्यवस्था मिलाउन र भत्किएका बाँधहरूको मर्मत-सम्भारका लागि शीघ्र पहल गर्न माग गरेका छन्। बाबू साहेबका अनुसार जनमत पार्टीले स्थानीय तहमा राहत र सहयोगका प्रयास अघि बढाइसकेको छ र पार्टीका कार्यकर्ताहरूलाई बाढीपीडित नागरिकको सहयोगमा जुट्न निर्देशन दिइएको छ।

स्थानीय बासिन्दाहरूले जनप्रतिनिधिहरूले स्थलगत रूपमा आएको देख्दा केही राहतको आशा पाएको बताएका छन्।

# जनकपुरमा दुई समुदायबीच विवाद समाधान, सर्वपक्षीय सहमति सम्पन्न

*जनकपुर, २० असोज*



धनुषाको जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा रुपैठामा हिन्दू र मुस्लिम समुदायबीच उत्पन्न विवाद समाधान गर्न सामाजिक सद्भाव कायम राख्ने सर्वपक्षीय सहमति भएको छ।

असोज १७ गते दुर्गा माताको मूर्ति विसर्जनको क्रममा समुदायबीच झडप र तनाव उत्पन्न भएको थियो। तत्काल स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको थियो।

जिल्ला प्रशासन कार्यालयको पहलमा आज बसेको सर्वपक्षीय बैठकमा दुवै धार्मिक समुदायका अगुवा, सुरक्षासंस्था र सरोकारवालाको उपस्थितिमा विवाद समाधानका लागि कदम चालिएको हो। बैठकले गैरकानूनी तथा अराजक गतिविधिमा संलग्न व्यक्तिहरूको पहिचान गरी प्रचलित कानुन अनुसार कारबाहीमा सम्बन्धित निकायलाई पूर्ण सहयोग गर्ने निर्णय पनि गरेको छ।

बैठकले अघिल्ला भदौ १६ र २०७८ कार्तिक २९ मा तेलिया पोखरी विवाद व्यवस्थापनका लागि भएका निर्णयहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने सहमति पनि गरेको छ।

देवपुरा रुपैठा क्षेत्रमा धार्मिक सद्भाव, सामाजिक एकता र शान्ति कायम राख्न सबै राजनीतिक दल र समुदायका प्रतिनिधिहरूले सक्रिय पहल गर्ने र कुनै पनि व्यक्ति वा समूहले सद्भावमा खलल पुऱ्याउने गतिविधि नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# मजदुरको मृत्यु भएपछि वीरगन्ज ड्राइपोर्टमा लफडा

*वीरगन्ज, २०असोज*




वीरगन्जको सिर्सिया सुख्खा बन्दरगाह( ड्राइपोर्ट) मा एक मजदुरको मृत्यु भएको छ।मृत्यु हुनेमा पर्साको बहुदरमाई नगरपालिका-७ फुलकौल घर भएका ५५ वर्षीय शम्भु साह तेली रहेका छन्।

ड्राइपोर्टमा आइतबार बेलुकी ६.३० बजेतिर बा ०३-००१ ख २६९८ नम्बरको ट्रकमा मलको बोरा लोड गर्ने क्रममा अचानक चक्कर लागेर लडेका तेलीलाई उपचारका लागि नारायणी अस्पतालमा लगिएकोमा त्यहीँ उपचारका क्रममा उनको मृत्यु भएको हो।

हृदयघातका कारण तेलीको मृत्यु भएको हुनसक्ने प्रहरीको अनुमान छ।

यसैबीच मृतकका आफन्त र मजदुरहरुले क्षतिपूर्तिको माग गर्दै सोमबार बिहान ड्राइपोर्ट भन्सारमा केही बेर प्रदर्शन गरेका थिए।

त्यसपछि पूर्वमन्त्री तथा पूर्वसांसद राजकुमार गुप्ता,बहदुरमाई नगरपालिका वडा नम्बर ७ का पूर्व वडाध्यक्ष बाबुलाल यादव र वडा नम्बर ८ का वडाध्यक्ष पुनीलाल साह तेलीलगायतको सहजीकरणमा वार्ता भएको थियो।

वार्तामा ठेकेदार कम्पनीले एक साताभित्र नियम अनुसार आवश्यक क्षतिपूर्ति मृतकका परिवारजनलाई उपलब्ध गराउने आश्वासन दिएपछि परिवारजनले शव बुझेर लिएर गएको छन्।

ड्राइपोर्ट सञ्चालनको ठेक्का लिएको प्रिन्स्टन भ्यालीका सेक्युरिटी सुपरभाइजर धर्मेन्द्र गिरीले जानकारी दिए।

उनका अनुसार, मृतक पटेल लेबर सप्लायर्स ठेकेदार कम्पनी पटेल लेबर सप्लायर्स मार्फत त्यहाँ कार्यरत थिए। पटेल लेबर सप्लायर्सका सञ्चालक करण चौधरी र सुरेश पटेल रहेका छन्।

# बाढी-पहिरो पीडितलाई राहतको व्यवस्था गर्न सरकारसंग माग

*कलैया, २० असोज*




आम जनता पार्टीका अध्यक्ष प्रभु साहले बाढीपहिरो, डुबान र कटानबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै क्षतिग्रस्त संरचना तुरुन्त निर्माण गर्न तथा पीडितलाई आवश्यक राहत एंव क्षतिपुर्तिको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका छन्। सोमवार बारा जिल्लाको विश्रामपुर गाउँपालिकाको बरैनियामा आयोजित अन्तरक्रियामा अध्यक्ष साहले बाढीपहिरोबाट ज्यान गुमाएका मृतकप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै बेपत्ताको खोजी, घाइतेको स्वास्थ्य लाभ तथा सडकलगायतका भौतिक पूर्वाधारको पुनर्निर्माणमा सरकारले ढिलाइ नगरी तुरुन्त राहत दिनुपर्ने माग गरेका हुन्। देशैभरी बाढीपहिरो, डुबान, एंव नदीको कटानले नेपालीहरू पीडित भएका छन। गौर अहिले पनि डुबानमा छ। जनता घरवार विहीन भएका छन। कतिले ज्यान गुमाउनु परेको छ भने कति त बेपत्ता भएका छन।

यस्तो अवस्थामा ढिलाइ नगरी सरकारले तत्काल राहत, पुनर्निर्माण एंव क्षतिपूर्ति दिनुपर्छ, आजपा अध्यक्ष साहले भने, बाढी पहिरोले पहाड देखि तराई-मधेसका नागरिक पीडित एंव दुखित भएकाले सरकारले उनिहरूलाई राहत, पुनर्वासका साथै क्षति भएका संरचनाको पुनर्निर्माण गर्न आवश्यक छ। तराई मधेसका जनता बाढी, डुबान एंव नदिको कटानले पीडित भएको बताउदै उनले बाली भित्र्याउने बेलामा किसानले ठूलो क्षति व्यहोर्नुपरेकाले किसानलाई राहत एंव क्षतिपूर्ति दिनुपर्ने माग गरेका छन्।

# २०-२१ कात्तिकमा बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै

*काठमाडौं, २० असोज*



सरकारले यस वर्षको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम आगामी २० र २१ कात्तिकमा सञ्चालन गर्ने भएको छ।

सामान्यतया सरकारले पहिलो चरण २-३ कात्तिक र दोस्रो चरण ६-७ वैशाखमा दुईपटक कार्यक्रम सञ्चालन गर्दै आएको भए पनि यस वर्ष तिहारका कारण पहिलो चरण २०-२१ कात्तिकमा तय गरिएको स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार दुई दिने अभियानमा पाँच वर्षमुनिका करिब २७ लाख बालबालिकालाई भिटामिन 'ए' र २४ लाख बालबालिकालाई जुकाको औषधि खुवाइने लक्ष्य राखिएको छ। ६ महिनाभन्दा माथिका बालबालिकालाई पोषणयुक्त 'बाल भिटा' पनि उपलब्ध गराइनेछ। नियमित खोप छुटेका ५ वर्षमुनिका बालबालिकालाई समेत खोप दिइने छ। बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि नजिकको विद्यालय, स्वास्थ्य चौकी वा सामुदायिक भवनमा लगेर खुवाउन सकिने महाशाखाले जनाएको छ।

भिटामिन 'ए' को कमीले बालबालिकामा वृद्धि-विकासमा असर, रतन्धो, कुपोषण, रोग प्रतिरोधात्मक क्षमता घट्ने लगायतका समस्या उत्पन्न गर्न सक्ने विज्ञहरू बताउँछन्। पछिल्लो अध्ययनले पाँच वर्षमुनिका बालबालिकामध्ये ११ प्रतिशतलाई भिटामिन 'ए' कमी रहेको देखाएको छ।

भिटामिन 'ए' पाइने स्रोतमा चुकन्दर, साग, ब्रोकाउली, साबुत अन्न, पनीर, फलफूल, डेरी उत्पादन, मासु, पालक, मटर, फर्सी, खुर्सानी, तरकारी र केही फलफूलहरू पर्छन्। यसले हड्डी मजबुत बनाउने, घाउ छिटो निको गर्ने, रोग प्रतिरोधात्मक क्षमता बढाउने र छालालाई स्वस्थ राख्ने काम गर्छ।

स्वास्थ्य मन्त्रालयले यस कार्यक्रम सफल बनाउन सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालय र स्थानीय तहलाई परिपत्र गरी आवश्यक तयारी गरिसकेको छ।

**जनहितमा जारी सन्देश**

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं।

आदर्श कोतवाल गाउँपालिका परिवार
मधेश प्रदेश, बारा

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध विच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - सुवर्ण गाउँपालिका, बारा